# भीमेश्वर नगरपालिका राजपत्र

## भीमेश्वर नगर कार्यपालिकाद्वारा प्रकाशित

**खण्ड १, संख्या २, भीमेश्वर नगर कार्यपालिका, दोलखा जिल्ला, प्रदेश नं ३,  अतिरिक्तांक २, मिति २०७४।१०।१६**

## भाग ३

## भीमेश्वर नगर कार्यपालिकाको सूचना

## भीमेश्वर नगरपालिकाको मुख्य बजार क्षेत्र व्यवस्थापन गर्ने सम्बन्धी आदेश, २०७४

नगर कार्यपालिकाबाट स्वीकृत मिति : २०७४।०९।१२

भीमेश्वर नगरपालिकाको मुख्य बजार क्षेत्र पाटीखोला देखि बसपार्क सार्वजनिक शौचालयको खोल्सी क्षेत्र सम्म, सातदोबाटो बाट चरिघ्याङसम्म, सातदोबाटो बाट जिल्ला प्रहरी कार्यालयको पछाडिपट्टीको खोल्सी सम्मको क्षेत्रलाई व्यवस्थापन गर्न निम्न अनुसार गर्नु गराउनु हुन सबैमा यो आदेश जारी गरिएको छ ।

क) अनधिकृत संरचना, भऱ्याङ, छत अस्वभाविक संरचना आदि ३५ दिन भित्र हटाउनु पर्नेछ ।

ख) सडकको फुटपाथमा अतिक्रमण गरी पसल फिजाएका पसल हटाउनु पर्नेछ ।

ग) पसल, व्यवसाय, बैंक, सहकारी, संघ/सस्थाहरुले नगरले तोकेको साईज र डिजाईनमा मात्र व्यवसायिक साईनबोर्ड राख्न पाउने छन् ।

घ) लामोसाघु जिरी सडकको १५ मिटर भित्र निर्माण सामाग्री राख्न प्रतिवन्ध लगाईएको छ ।

ङ) उल्लिखित क्षेत्रमा वातावरण प्रदुषण गर्ने व्यवसाय जस्तै ग्रिल उद्योग, वासिङ व्यवसाय, रिसोलिङ, वर्कसप, सवारी साधन मर्मत गर्ने, ब्लक बनाउने, फर्निचर उद्योग खोल्ने कार्यमा प्रतिवन्ध लगाइएको छ ।

च) सडक किनारामा झारिने निर्माण सामाग्री सम्वन्धित घरधनी/व्यवसायीले २४ घण्टाभित्र हटाईसक्नु पर्नेछ ।

छ) घरको छतको पानी सडकमा जथाभावी नझर्ने गरी सम्वन्धित घरधनीले सुरक्षित रुपमा ३५ दिनभित्र व्यबस्थापन गरिसक्नु पर्नेछ ।

ज) बजारको सौन्दर्य बिग्रिने तथा अस्वाभिक देखिने कुनै पनि सरचना बनाउन पाइने छैन ।

झ) सार्वजनिक सडकमा आगमनमा अवरोध हुने गरी पैदल यात्रीले जथाभावी हिडडुल गर्न पाइने छैन ।

आज्ञाले,

शंकर नेपाल,

सचिव, भीमेश्वर नगर कार्यपालिका